# अन्तर्राष्ट्रिय फौजदारी अदालत अनुमोदनको निर्देशन

● किशोर सापकोटा
काठमाडौं

अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधानलाई अनुमोदन गर्न प्रतिनिधिसभाले नेपाल सरकारलाई निर्देश गरेको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसद परशुराम मेघी गुरुङले अपराधी र दोषीले कहीं कतै पनि उन्मुक्ति पाउन नसकोस् भनी न्याय प्राप्तिको प्रक्रियामा अन्तर्राष्ट्रिय पहुँचसमेत प्राप्त गर्नका लागि रोम विधानलाई पारित गरियोस् भनी संकल्प प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। प्रस्तावलाई प्रतिनिधिसभा बैठकले सर्वसम्मतिले पारित गरेको छ।

रोम विधानको समर्थनमा १ सय ३९ मुलुकले हस्ताक्षर गरिसकेको, एक सय राष्ट्र पक्षधर रहेको र ६५ भन्दा बढी राष्ट्रले अनुमोदन गरिसकेपछि १ जुलाई २००२ देखि अन्तर्राष्ट्रिय फौजदारी अदालत सञ्चालनसमेत भइसकेको छ।

प्रस्तावको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उपप्रधान तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीले दण्डहीनताको अन्त्य र कानुनी शासनको पक्षमा नेपालको लोकतान्त्रिक सरकार रहेको बताउनुभयो।

नेपालले अन्तर्राष्ट्रिय अदालतको स्वैच्छिक क्षेत्र अधिकारलाई स्वीकार गरेको जानकारी गराउँदै ओलीले विभिन्न देशमा भएका युद्ध अपराधसम्बन्धमा सुनुवाइ गर्न

**"नेपालको अदालतले सजाय दिन नसक्ने अपराधीलाई सजाय दिन पनि यो अदालतको खाँचो छ।"**

संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्बाट स्थापना भएका अन्तर्राष्ट्रिय न्यायाधीकरणहरूको नेपालले स्वागत गरेको बताउनुभयो।

ओलीले भन्नुभयो- यो अदालतलाई सकेसम्म छिटो अनुमोदन गर्नुपर्ने भन्ने मान्यता नेपाल सरकारको रहेको छ र केही कानुनीप्रक्रिया पूरा गरेर नेपाल यसको पक्ष राष्ट्र हुनेतर्फ अग्रसर रहेको छ।'

छलफलमा भाग लिँदै सांसदहरू टेकबहादुर चोख्याल, हरिभक्त अधिकारी, महेन्द्रबहादुर पाण्डे, होमनाथ दाहाल, जगन्नाथ खतिवडा, प्रकाश ज्वाला, सोमप्रसाद पाण्डे र हरि आचार्यले नेपालको अदालतले सजाय दिन नसक्ने अपराधीलाई सजाय दिन पनि यो अदालतको खाँचो रहेको बताए।

मानवअधिकारवादी संस्थाहरूले मंगलबार नै प्रेस विज्ञप्ति जारी गर्दै प्रस्तावबमोजिम आवश्यक प्रक्रिया अगाडि बढाई रोम विधान तत्काल अनुमोदन गर्न सरकारसँग जोडदार माग गरेका छन्। नेपालले यो विधान अनुमोदन गरेपछि ११वर्षे युद्धको समयमा भएका युद्ध अपराधमा संलग्न राज्य वा विद्रोही जोसुकैलाई पनि अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चल्न सक्नेछ।

प्रतिनिधिसभाको निर्देशनसम्बन्धमा माओवादीले कुनै ठोस दृष्टिकोण बनाएको छैन र महत्त्व नदिने भनेको छ। राज्यको पुनर्संरचनाको क्रममा प्रतिनिधिसभाका सम्पूर्ण काम खारेज हुनेछन्' माओवादी नेता दीनानाथ शर्माले भन्नुभयो।